# कटारी नगरपालिका
# Katari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Katari Municipal Executive

कटारी, उदयपुर
Katari,Udayapur
स्था.२०७१
(रोजगार सेवा केन्द्र)

१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2071

पत्र संख्या (Ref.No) :– ०७८/०७९
चलानी नं. (Dispatch No.) :– १६९६

मिति (Date) :- २०७८/१०/२७

विषय : बेरोजगार सूचि उपलब्ध गराउने सम्बन्धमा ।

श्री कटारी नगरपालिका,
सबै वडा कार्यालय ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम), च. न. २४० मिति २०७८/१०/२६ को पत्रअनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ. व. २०७९/०८० का लागि ***"कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना"*** तथा ***"युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना"*** कार्यक्रमका लागि १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेका सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिन रोजगारी दिने उद्देश्यलाई कार्यान्वयन गर्न त्यस कार्यालयबाट निवेदन माग सूचना गरी यसै पत्रसाथ पठाइएको निवेदनको ढाँचामा आवश्यक कागजात संलग्न गरी मिति २०७८ फाल्गुण ०१ देखि फाल्गुण मसान्तसम्म फाराम भराई प्राप्त निवेदनहरूको संकलन तथा सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेशी, दलित तथा सिमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिई वास्तविक बेरोजगार व्यक्तिहरूको छनौट गरी निजहरूको सक्कल निवेदन र विवरण तोकिएको ढाँचामा प्रमाणित गरी मिति २०७८ चैत्र ०७ सम्म यस कार्यालयमा उपलब्ध गराइदिनहुन अनुरोध छ ।

आवश्यक कागजात

१. नेपाली नागरिकता प्रमाणपत्रको स्पष्ट प्रतिलिपी - १ प्रति ।
२. पासपोर्ट साइजको फोटो - १ प्रति ।
३. निवेदकको नागरिकता प्रमाणपत्रमा ठेगाना कटारी नगरपालिका नभएमा ठेगाना खुल्ने कागजात (जस्तैः विवाह दर्ता, बसाईसराई आदि) ।
४. परिवारका सबै सदस्यको विवरण र प्रमाण खुल्ने कागजात (ना. प्र. प, जन्मदर्ता आदि) ।
५. बेरोजगार फाराम पूर्णरूपमा भरेको हुनुपर्नेछ । विवरण अपूर्ण भएमा बेरोजगार सूचिमा सूचिकृत गर्न रोजगार सेवा केन्द्र बाध्य हुने छैन ।
६. प्राथमिकताक्रम निर्धारण हुँदा सामाजिक र आर्थिक अवसरबाट वञ्चित अपाङ्ग, महिला, आदिवासी जनजाती, मधेशी, दलित तथा सीमान्तकृत समुदाय लगायतका आधारमा मन्त्रालयबाट हुनेछ ।

पुनश्चः १. चालु आ.व. २०७८/०७९ मा बेरोजगार सूचिमा सूचिकृत भई रोजगारीका काम गरेका र नगरेका व्यक्तिहरूले बेरोजगर सूचिमा सूचिकृत हुन चाहेमा पुनः बेरोजगार फाराम भर्नुपर्नेछ ।
२. बेरोजगार विवरण अनलाइनमार्फत प्रविष्ट गर्नुपर्ने भएकोले म्याद नाघि आएका निवेदन कुनै पनि हालतमा सूचिकृत नहुने व्यहोरा अवगत गराइन्छ ।

विनोद कुमार धमाल
रोजगार संयोजक

कुमार प्रसाद दाहाल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

# कटारी नगरपालिका
# Katari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Katari Municipal Executive

कटारी, उदयपुर
Katari,Udayapur
स्था.२०७१
(रोजगार सेवा केन्द्र)

१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2071


पत्र संख्या (Ref.No) :– ०७८/०७९
चलानी नं. (Dispatch No.) :– १६१८

मिति (Date) :- २०७८/१०/२७

**विषयः- न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोश्रो संशोधन) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७९/८० मा यस नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक/सामुदायिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ वर्ष पूरा भइ ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिले **२०७८ फाल्गुण १ देखि २०७८ फाल्गुण मसान्त सम्म** आफू स्थायी बसोबास गरेको यस नगरपालिका भित्रका सम्बन्धीत वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनका लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूचि १ बमोजिम हुनुपर्ने छ । निवेदनको संशोधित फारामको ढाँचा सम्बन्धीत वडा कार्यलय र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः**

- बेरोजगार नेपाली नागरिक १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको हुनुपर्नेछ ।
- निवेदन साथ नागरिकताको प्रतिलिपि र फोटो १/१ प्रति ।
- बेरोजगार व्यक्ति सोही वडाको स्थायी बासिन्दा हुनुपर्नेछ ।
- अन्यत्रबाट बसाईसराई गरेको हकमा बसाइसराई प्रमाणपत्र तथा विवाह गरेर आएको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
- बेरोजगार प्राथमिकताक्रम निर्धारण हुँदा सामाजिक र आर्थिक अवसरबाट वञ्चित अपाङ्ग, महिला, आदिवासी जनजाती, मधेशी, दलित तथा सीमान्तकृत समुदाय लगायतका आधारमा मन्त्रालयबाट हुनेछ ।
- अनुसूचि १ बमोजिमको बेरोजगार फाराम वडा कार्यालयहरूमा उपलब्ध हुनेछ ।

**पुनश्च : नागरिकता प्राप्त गरेका परिवारका सदस्यहरूको नागरिकता प्रमाणपत्र प्रतिलिपि र नागरिकता प्राप्त नगरेका सदस्यहरूको जन्मदर्ताको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ साथै पूर्ण रूपमा नभरेको फाराम रोजगार सेवा केन्द्रले सूचिकृत गर्न बाध्य हुने छैन ।**

विनोद कुमार धमाल
रोजगार संयोजक

कुमार प्रसाद दाहाल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

(प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

### बेरोजगार दर्ताका लागि दिने निवेदन

(मिति २०७७/०३/३० गते मा. मन्त्रीस्तरको निर्णयानुसार संसोधित)

श्री वडा कार्यालय, मिति: २०७८/११/.....

वडा नं..... कटारी नगरपालिका, उदयपुर जिल्ला

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार / प्रदेश सरकार / स्थानीय तहद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. **नाम, थर:** ...............................................................

२. **लिङ्ग:** (कुनै एकमा √ लगाउनुहोस ) क) पुरुष ख) महिला ग) अन्य

३. **पारिवारिक विवरण:**

(अ) **वर्ग / समूह** :(तपाईं आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ ? कुनै एकमा √ लगाउनुहोस)

| क) आदिबासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य .... |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(आ) **अल्पसंख्यक समुदाय** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(इ) **लोपोन्मुख जनजाती** (कुनै एकमा √ लगाउनुहोस): हो होइन

(ई) **सीमान्तकृत वर्ग** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो? ) हो होइन

(उ) **परिवारको संख्या:**

१. **महिला:** .............. **पुरुष:** .............. **अन्य:** .............. **जम्मा:** ..............

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्या: ........................

(ऊ) **परिवारमा अपाङ्गता भएका सदस्य** (कुनै एकमा √ लगाउनुहोस): छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस् )

१. नाम: ................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

२. नाम: ................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

३. नाम: ................................ उमेर: ............ अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो ? | हो | होइन |

(यदि 'हैन' भने प्रश्न ४ मा जानुहोस् । यदि 'हो' भने देहायको प्रश्नको उत्तर दिनु होस् )

गर्भवती: .................. महिना वा सुत्केरी भएमा :.................... महिना

४. स्थायी ठेगाना: प्रदेश: .......................... जिल्ला: ........................ न.पा. / गा.पा.: ..................... वडा नं.: .........

टोलको नाम : ..........................................

५. सम्पर्क विवरण (उपलब्ध भए सम्म) मोबाइल नं. ........................................... इमेल: ..............................

६. आवेदकको मुख्य पेशा (कुनै एकमा मात्र √ लगाउनुहोस्):

| क्र.सं. | पेशा | | क्र.सं. | पेशा | |
|---|---|---|---|---|---|
| क) | कृषि तथा पशुपालन | | ख) | गृहणी (महिला भएमा मात्र) | |
| ग) | विद्यार्थी (अध्ययनरत भएमा मात्र) | | घ) | ज्याला मजदुरी | |
| ङ) | बेरोजगार | | च) | उद्योग तथा व्यापार | |
| छ) | नोकरी तथा जागीर | | ज) | वैदेशिक रोजगारी | |
| झ) | व्यावसायिक कार्य | | ञ) | अन्य.......................... | |

७. निवेदक चालु आ. व. मा रोजगारीमा संलग्न दिन संख्या : .......................................... दिन

८. निवेदकले चालु आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. .........................

९. आवेदक कृषिमा आश्रित परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) | हो | होइन |

(यदि उत्तर 'होइन' भएमा प्रश्न १० मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

क) कृषि उत्पादनले कति महिना खान पुग्दछ ? .............................. महिना

१०. बसोबासका लागि आफ्नै घर: (कुनै एकमा √ लगाउनुहोस) | भएको | नभएको |

११. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस) | हो | होइन |

१२. निवेदक शहिद परिवार या बेपता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) | हो | होइन |

१३. परिवारमा काम गर्ने उमेर समूह (१८ देखी ५९ वर्ष) को र काम गर्न सक्ने शारीरिक अवस्था भएको परिवारको सदस्य (कुनै एकमा √ लगाउनुहोस) | छ | छैन |

(यदि उत्तर 'छैन' भने कारण खुलाउनुहोस् । कारणहरु ..............................................................................

................. .................................................. ............)

१४. परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

| क्र. सं. | नाम | निवेदकसँगको नाता | जन्म मिति | नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण | | | शैक्षिक योग्यता (निरक्षर / साक्षर / आधारभूत / माध्यामिक / उच्च माध्यामिक / स्नातक या सो भन्दा बढि) | स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न? | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नंबर | जारी मिति | जारी जिल्ला | | छ / छैन | लिइरहेको / नरहेको |
| १ | | (निवेदक) | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

(निवेदनको बुँदा (३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार सो थपघट गर्न सकिनेछ।)

१५. परिवारको वार्षिक आय: रु. ...................................... (अक्षरेपी ......................................................................................................)

१६. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस) [ छ ] [ छैन ]

(यदि उत्तर 'छैन' भएमा बुँदा २० मा जानुहोस् )

१७. सीपको विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष / अदक्ष |
|---|---|
| | |
| | |

१८. काममा खटिन चाहेको सम्भावित समय: ........................... महिना देखि ........................ महिना सम्म

१९. बैंक खाताको विवरण (उपलव्ध भएमा) बैंकको नाम: ............................................................

बैंकको ठेगाना: ......................... खाता नंबर: ...............................................................

खाताको प्रकार: ................

20. निवेदक चालु आर्थिक वर्षको सूचिकृत बेरोजगार हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २१ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्।)

क) लाभग्राही परिचय पत्र नंबर ........................................................

२१. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २२ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

देश .............................. पासपोर्ट नं. ..............................

विदेशमा गरेको कामसंग सम्बन्धित सीप ..............................................

२२. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: ........................................ मिति: ......................... .. हस्ताक्षर ...............................

| दायाँ | बाँया |
|---|---|
| | |

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ..............................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा अध्यक्ष

अनुसूच -२

(नियम ७ को उपनियम (४) सँग सम्बन्धीत)

## बेरोजगार व्यक्तिको अधावधिक विवरणको ढाँचा

रोजगार सेवा केन्द्र

______________________गाउँकार्यपालिका/नगरकार्यपालिका

| सि.न. | बेरोजगार व्यक्तिको नाम,थर | वतन | बेरोजगार व्यक्तिको जन्म मिति | बेरोजगार व्यक्तिको बाबुको नाम, थर | नागरिकता न./नागरिकता जारी भएको जिल्ला | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रमाणित गर्ने वडा प्रमुखको**

**नामः**